केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/ ३० /०६४/६५ मिति : २०६४/१२/१

**इजाजतपत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमको व्यवस्था कायम गर्ने निर्णय भएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले प्राथमिकता प्राप्त क्षेत्रमा दिएको छुट सरह यस बैंकको निर्देशन बमोजिम विपन्न वर्गमा प्रवाह भएको कर्जा (Deprived Sector Lending) लाई निक्षेप तथा कर्जा सुरक्षण निगमबाट सुरक्षण गराएको अवस्थामा त्यस्तो सुरक्षण गरेको विपन्न वर्ग कर्जाको लागि गर्नु पर्ने Loan Loss Provision मा ७५ प्रतिशत छुट दिई बाँकी २५ प्रतिशत मात्र व्यवस्था गरे पुग्ने ।

(२) यस बैंकबाट “ख” वर्गको इजाजजतपत्रप्राप्त संस्थाहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (२) को खण्ड (श) र “ग” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुले सोही ऐनको सोही दफाको उपदफा (३) को खण्ड (प) बमोजिम जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना संचालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य गर्दा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले आ-आफ्नो प्राथमिक पूँजीको २५ प्रतिशत भन्दा बढी लगानी गर्न नपाउने ।

(३) बैंक तथा वित्तीय संस्थाहरुले शुरु शेयर निस्काशन (Initial Public Offering - IPO) हुँदाको अवस्थामा शेयर खरिदका लागि बुझाइने आवेदनको अर्धकट्टीको सुरक्षणमा कुनै पनि किसीमको कर्जा प्रवाह गर्न नपाइने र यस अघि कर्जा प्रबाह भईसकेको भए त्यस्तो कर्जाको हकमा यो व्यवस्था लागू भएको मितिबाट एक महिना भित्र कर्जा चुक्ता गर्नु पर्ने अन्यथा पर्याप्त धितो लिई पूर्ण सुरक्षित हुने गरी नियमित गरिसक्नु पर्ने र सो अनुसार पूर्ण सुरक्षित गर्न गराउन नसकेको अवस्थामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने ।

भवदीय,

(केशवराज आचार्य)
निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, काठमाडौ मल, सुन्धारा, काठमाण्डौं ।
९. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाडौं ।
१०. श्री निक्षेप तथा कर्जा सुरक्षण निगम, टंगाल, काठमाडौं ।